## सम्पादकीय

### बुटवल-नारायणगढ सडक

# अब अन्तिम बनोस् म्याद थपको श्रृंखला

बुटवल-नारायणगढ सडक निर्माणमा ढिलासुस्ती र चरम लापरवाही भैरहेको बेला नारायणगढ-बुटवल सडक आयोजनाको म्याद एक वर्ष थप गरिएको छ। तेस्रो पटक थप गरिएको म्याद सकिँदासम्म जम्मा ७० प्रतिशत मात्र भौतिक प्रगति भएको सडक निर्माणका लागि एक वर्ष थप गरी २०८३ साउन ७ गतेसम्म म्याद दिइएको हो। नारायणगण-बुटवल सडक आयोजनाले अहिले थप गरिएको म्याद अन्तिम पटकका लागि भएको र यो अवधिमा सडक निर्माणको सम्पूर्ण काम सम्पन्न गर्ने दाबी गरेको छ। थपिएको म्यादभित्र अब निर्माण व्यवसायीले प्रतिबद्धता गरे अनुसार काम गरेमा सडक निर्माणको काम सम्पन्न हुने छ। होइन भने यो सडकले म्याद थपमा इतिहास कायम गर्ने अवस्था आउनेछ। आशा गरौं त्यो अवस्था नआओस्। निर्माण कम्पनीले डेढ वर्ष म्याद थप गर्न चाहेको भए पनि एक वर्ष भित्र निर्माण सम्पन्न गर्ने विश्वास दिलाएपछि अन्तिम पटकका लागि म्याद थप गरिएको आयोजनाले जनाएको छ। बुटवल नारायणगढ सडक निर्माण व्यवसायीको चरम लापरवाहीको पराकाष्ठा हो। २०७५ साल माघ २४ गते ठेक्का सम्झौता हुँदा साढे तीन वर्षमा अर्थात् २०७९ साल साउन २२ गतेसम्म सडक निर्माणको सम्पूर्ण काम सम्पन्न गरिसक्नुपर्ने सर्त थियो। सडक विभागसँग ठेक्का सम्झौता गरी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले २०७५ चैतदेखि नै निर्माणको काम सुरु गरेको थियो। सडक सुरु गर्दैगर्दा निर्माण व्यवसायीले सडक समयमै निर्माण सम्पन्न गर्ने प्रतिबद्धता गरेको थियो तर सडक निर्माण व्यवसायीले निर्माणमा ढिलाई गर्दा लाखौं यात्रुले सास्ती पाए। साढे तीन वर्षमा सम्पन्न गर्ने भनिएको उक्त सडकको म्याद अहिलेसम्म चारपटक थप गरिएको छ। यसबाट पनि पुष्टी हुन्छ- यो सडक निर्माणमा चरम लापरवाही भएकै हो।

अब अति भैसकेको छ। सडक आयोजनाले पनि अन्तिम पटक म्याद थप गरिएको भनेको छ। निर्माण पक्षले अबको एक वर्षभित्रैमा निर्माणको सम्पूर्ण काम सम्पन्न गरोस्। सरकारलाई पुनः म्याद थप गर्नुपर्ने अवस्था नआओस्। यद्यपि धेरै काम सम्पन्न भैसकेको अवस्था छ। नारायणगढदेखि बुटवलसम्मको ११३ दशमलव ५३ किलोमिटर लामो यो सडक दाउन्नेखण्ड र पुलहरूको वारिपारी बाहेक अन्य क्षेत्रमा दुईतर्फी नै कालोपत्रे भइसकेको छ। दाउन्ने खण्डको १३ किलोमिटर सडकमा अहिले पनि ढलान गर्ने काम भइरहेको छ। अब यही रफ्तारमा काम हुने हो भने अबको एक वर्षमै निर्माणको सबै काम सकिनेछ। तर, त्यसका लागि सडक आयोजनाको ताकेता, अनुगमन, निर्माण व्यवसायीको प्रतिबद्धता सबै तालमेल मिल्नु जरुरी छ। अब निर्माण व्यवसायीले प्रतिबद्धता गरे अनुसार काम गरेमा थपिएको म्यादभित्रै निर्माणको काम सम्पन्न हुने विश्वास सिर्जना भएको छ। अब सो खण्डको करिब १३ किलोमिटर सडक कालोपत्रे गर्न बाँकी छ। आयोजनाका अनुसार आउँदो वर्षा अगाडि नै करिब करिब सबै काम सम्पन्न हुनेछ। दाउन्ने खण्डमा यात्रा गर्दा सास्ती खेप्नु परेकाले यो क्षेत्रमा चार किलोमिटर र पुमाउरो घुम्तीमा चार किलोमिटर सडक वर्षाअघि नै ढलान गरिने योजनामा विराम लागेको छ। तरपनि वर्षापछि यो क्षेत्रमा सडक ढलानको काम सम्पन्न गर्नेतर्फ निर्माण व्यवसायीको ध्यान जाओस्। यो सडक खण्डले ढिलै भएपनि केही आशा जगाएको छ। २०७९ साउन अर्थात ती वर्षअघि नै सडक निर्माणको काम सम्पन्न गर्नेगरी काम अघि बढेको भएपनि निर्माणमा ढिलासुस्ती हुँदा अहिलेसम्म चौथोपटक म्याद थप गर्नुपर्ने अवस्था आउनु दुःखको कुरा हो। यो सडकमा भैरहेको निर्माण भएको ढिलाईले नेपालको अरू विकासे आयोजनाको काम कछुवा गतिमा हुने गरेको उदाहरण प्रस्तुत गरेको छ। यो सडकमात्रै होइन, यस्ता धेरै सडक उदाहरण छन् जसको लागत बढाउने नाममा निर्माणमा ढिलाई हुने गरेको छ। बुटवल नारायणगढ सडक खण्डका स्थानीयले पटक पटक दवाब नदिएको भए सडक निर्माणको काम अहिले यो अवस्थामा पुग्ने थिएन। तसर्थ अझैपनि सडक निर्माणको काम सकिदै गर्दा स्थानीय जनताको अनुगमन र खबरदारी जरुरी छ।

# स्तनपान दिवस र यसको महत्त्व



माया गौतम

> स्तनपानले आमा र बच्चालाई हुने थुप्रै फाइदाहरु छन् । यसले बच्चालाई बिभिन्न रोगहरुबाट बचाउँछ । बच्चाको शारीरिक र मानसिक बिकास राम्ररी हुनका लागि मद्दत पुर्‍याउँछ । बच्चालाई लगातार स्तनपान गराउने आमालाई स्तन क्यान्सर हुनबाट बचाउँछ । बच्चा जन्माउँदा लत्रेको वा कमजोर भएको पाठेघरलाई सामान्य अवस्थामा फर्कन स्तनपानले मद्दत गर्दछ । आमाको दुधले बच्चाको दिमागको पूर्ण बिकास गर्न मद्दत पुग्छ । आमाको डिम्बाशयको क्यान्सर कम गर्दछ ।

यहि साउन १६ देखि २२ गते अर्थात अगस्त १ देखि ७ सम्म 'स्तनपानलाई प्राथमिकता दिऔं, सहयोगी वातावरण निर्माण गरौं ' भन्ने नाराका साथ यो दिवस मनाईंदै छ। विश्व स्तनपान सप्ताह सन १९९२ देखि मनाउन शुरु गरिएको हो। स्तनपानको महत्वबारे जानकारी दिन यो हप्ताभरी विभिन्न कार्यक्रम हुने गर्दछन। स्तनपान अमृत समान भन्ने भनाई त हामीले सुन्दै आएका छौं। आमाको दुध बाहेक बच्चाको लागि विकल्पको रुपमा अरु कुनै खाद्य पदार्थ छैन र शिशु जन्मेको एक घण्टाभित्र नै आमाको दुध, बिगौति दुधको रुपमा खुवाउनु पर्छ। बिगौति दुध बच्चाको जिन्दगीकै पहिलो खोप हो भन्ने पनि अध्ययनले प्रमाणित गर्दछ। आमाको दुधमा रोग निरोधक तत्व हुने भएकाले नवजात शिशुको रोगसँग लड्नसक्ने क्षमताको विकास गर्न मद्दत पुग्ने डाक्टरहरु बताउँछन। स्तनपान भनेको के हो ? सामान्यतया शिशुलाई आफ्नै आमाको दुध चुसाउनु स्तनपान हो। स्तनपानको दुईवटा मुलभुत मापदण्ड छन। १ प्रारम्भिक स्तनपान। प्रारम्भिक स्तनपान भन्नाले शिशु जन्मेको एक घण्टाभित्र आमाको दुध खुवाउन शुरु गर्नु हो। यसो गर्नाले शिशुले दुध चुस्ने क्षमता प्राप्त गर्छ र शिशुको शरीरमा ग्लुकोजको कमी हुनबाट बचाउँछ, साथै बच्चा जन्मेदेखि केही दिनसम्म आउने पहेलो प्रकारको बिगौती दुधमा रोगसँग लड्न सक्ने प्रतिरक्षा क्षमता एन्टीबडी धेरै हुने भएकाले बच्चालाई रोग लाग्नबाट समेत बचाउने हुँदा यसलाई शिशुको पहिलो प्राकृतिक खोप पनि भनिन्छ।

पूर्ण स्तनपान भन्नाले शिशु जन्मेदेखि ६ महिनासम्म आमाको दुध मात्र खुवाउनु नै पूर्ण स्तनपान हो। शिशुका लागि आवश्यक पर्ने पानी, मिनिरल्स, ग्लुकोज तथा अन्य भिटामिन र रोग प्रतिरक्षात्मक तत्व समेत आमाको दुधमा नै पर्याप्त हुने भएकाले अन्य कुनैपनि किसिमको थप खाना ख्वाउन आवश्यक हुँदैन। यसरी ६ महिनासम्म स्तनपान गराउँदा शिशुहरुको शारीरिक र मानसिक वृद्धि र विकासका लागि सहयोग पुग्छ। पुर्ण स्तनपान गराएका बच्चाहरुको दिमागी क्षमता अन्य बच्चा भन्दा तिक्ष्ण हुन्छ। संक्रामक रोगबाट बच्ने र आर्थिक भार पनि नपर्ने तथा आमाको स्वास्थ्यमा समेत फाइदा हुने भएकाले स्तनपान अमृत समान हुन पुगेको छ। दिर्घकालिन रुपमा बच्चाको मृत्युदर घटाउनसमेत स्तनपानको भुमिका रहेको छ।

शिशु ६ महिना पुगेसाथ आमाको दुधका साथसाथै पोषिलो थप आहार खुवाउन थाल्नुपर्छ र कम्तीमा दुई वर्षसम्म थप आहारका साथ स्तनपानलाई पनि निरन्तरता दिनुपर्छ। शिशुलाई जन्मेको एक घण्टामा स्तनपान गराउनु पर्छ। जन्मेको ६ महिनासम्म बच्चालाई स्तनपान गराउन डाक्टरहरुको सुझाव छ। डाक्टरहरुका अनुसार स्तनपानले शिशु र आमा दुवैको स्वास्थ्यमा फाइदा पुग्ने भएकाले शिशुको वृद्धि, विकास र रोग प्रतिरोधात्मक क्षमताको विकासका लागि पनि स्तनपानको महत्व छ। नेपाल सरकारले शिशु तथा बालबालिकाको खाद्य पदार्थको अनुचित प्रवर्द्धनको अन्त्य गर्न विश्व समुदायमा प्रतिबद्धता जनाएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री वितरण नियन्त्रण गर्ने र सार्वजनिक स्थल तथा स्वास्थ्य संस्थामा स्तनपान कक्ष स्थापनाका लागि काम गर्दै आएको छ।

स्तनपानले आमा र बच्चालाई हुने थुप्रै फाइदाहरु छन। यसले बच्चालाई बिभिन्न रोगहरुबाट बचाउँछ। बच्चाको शारीरिक र मानसिक विकास राम्ररी हुनका लागि मद्दत पुर्‍याउँछ। बच्चालाई लगातार स्तनपान गराउने आमालाई स्तन क्यान्सर हुनबाट बचाउँछ। बच्चा जन्माउँदा लत्रेको वा कमजोर भएको पाठेघरलाई सामान्य अवस्थामा फर्कन स्तनपानले मद्दत गर्दछ। आमाको दुधले बच्चाको दिमागको पूर्ण विकास गर्न मद्दत पुग्छ। आमाको डिम्बाशयको क्यान्सर कम गर्दछ। आमाको अनावश्यक तौल बढनबाट स्तनपानले नियन्त्रण गर्न मद्दत गर्दछ। प्रसुती अवस्थामा हुने रक्तश्राव कम गर्न मद्दत गर्दछ। बच्चालाई झाडापखालाबाट बचाउँछ। बच्चाको आन्द्राको विकास गर्न सहयोग गर्दछ। आमाको दुधमा बच्चाको लागि आवश्यक कार्बोहाइड्रेड, प्रोटिन र चिल्लो पदार्थ पाइन्छ। स्तनपानले आमा र बच्चा दुवैलाई निन्द्रा लगाउँछ। बच्चाको मृत्युदरमा कमी ल्याउँछ। बच्चाको दाँत र गिजाको पनि विकास गर्न मद्दत गर्दछ। बच्चाको दाँत बलियो हुन्छ। बच्चामा बोली छिटो आउँछ। बच्चामा छाला रोगको संभावना कम हुन्छ। आमाको महिनावारी गडबड हुनबाट रोक्छ। बच्चा ६ महिनाको पुगेसम्म पानी पनि नदिई स्तनपान गराउने आमालाई गर्भ निरोधकको काम गर्दछ।

विश्व स्तनपान सप्ताह प्रत्येक वर्ष मनाइने एक उत्सव हो। यो उत्सव १२० भन्दा बढी देशमा अगस्ट १ देखि ७ सम्म प्रत्येक वर्ष आयोजना गरिन्छ। २४ जुलाई २०२१ सम्मको तथ्यांक अनुसार विश्व स्तनपान हप्ता १२० भन्दा बढी देशहरुले आयोजना गर्ने गरेको पाइन्छ। वर्ल्ड अलायन्स फर ब्रेस्टफिडिङ एक्सन, विश्व स्वास्थ्य संगठन र युनिसेफले एक साथ जीवनको पहिलो ६ महिनाका लागि पूर्ण स्तनपानलाई बढावा दिने लक्ष्य लिएर यो दिवस साता व्यापी रुपमा मनाउँदै आएको छ। यो उत्सवको उद्देश्य नयाँ आमा बुवाहरुको बीच जागरुकता पैदा गर्न र संसारभरमा शिशु स्वास्थ्यमा सुधार गर्नु हो। नेपालमा हालको स्तनपानको स्थिति, नेपाल बहुसुचक सर्वेक्षण २०१९ अनुसार शिशु जन्मेको १ घण्टाभित्र स्तनपान गराउने आमाहरुको संख्या ४१.७ प्रतिशत मात्र छ भने पूर्ण स्तनपान गराउने आमाहरु ६२.१ प्रतिशत छन्। शिशुहरुलाई उमेरको मापदण्ड अनुरुप स्तनपान गराउने आमाहरु जम्मा ८१.४ प्रतिशत मात्र छन। त्यस्तै गरेर नेशनल डेमोग्राफिक हेल्थ सर्वे २०१६ अनुसार शिशु जन्मेको एक घण्टाभित्र स्तनपान गराउने आमाहरुको संख्या ५५ प्रतिशत मात्र छ भने पूर्ण स्तनपान गराउने आमाहरु ६६ प्रतिशत छन। साथै ६ महिना पूरा भएका बच्चाहरुलाई स्तनपानको साथमा समयमै मापदण्ड अनुरुप थप खानाको सुरु गर्ने आमाहरुको संख्या जम्मा १६ प्रतिशत मात्र छ।

उल्लेखित प्रतिनिधि तथ्यांकले दर्शाएको वर्तमान स्थितिको कारणको खोजी गर्दा अशिक्षा, गरीबी, ऐन, कानुन र नियमावलीको अभावले स्तनपानलाई कुनै असर परेको देखिदैन। व्यापारिक विज्ञापन, व्यक्तिगत आम्दानी, बजारमा उपलब्ध फर्मुला युक्त खाना, कानुनी प्रावधानको कार्यान्वयन पक्ष फितलो हुनु, कार्यालय वा अन्य स्थानमा छुट्टै स्तनपान कक्षको व्यवस्था नगरिनु, प्रसुति बिदा कम दिनु ९८ दिन मात्र र परम्परागत धारणा समाजमा रहिरहनुले अहिलेपनि स्तनपान नवजात शिशुको नैसर्गिक अधिकारको हनन नै भएको छ भन्दा पनि फरक नपर्ला। यस्तो अवस्था रहिरहँदा नवजात शिशु तथा बाल स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण उपलब्धिका लागि राखिएको महत्वकांक्षी लक्ष्य हासिल गर्न धेरै कठिन पर्न सक्ने अन्दाजा गर्न सकिन्छ। त्यसैले यस्ता उत्सवहरुको आयोजनाहरुलाई लक्षित वर्गसम्म पुर्‍याउने र सार्वजनिक बहसको विषय बनाई प्रत्येक आमालाई स्तनपान गराउनुको विकल्प स्तनपान मात्र हो र मापदण्ड अनुसार स्तनपान गराउनाले शिशुको रुग्णता दर र मृत्युदर त घट्छ नै। साथै तृष्ण बुद्धि र क्षमतावान नागरिकको परिकल्पना पूरा हुनेछ भन्ने जनचेतना फैलाउनेतिर प्राथमिकीकरण गर्न जरुरी देखिन्छ।

# सिद्धार्थ क्यामपसको बन्यो ३ तले भवन

जीतपुर (बुटवल टुडे), १९ साउन- [कपि]लवस्तुको बाणगंगा नगरपालिका वडा नं. १ [...]चीमा अवस्थित सिद्धार्थ क्याम्पसको नवनिर्मित [भव]नको उद्घाटन गरिएको छ। सोमवार एक विशेष [उ]द्घाटन समारोहका बीच बाणगंगा नगरपालिकाका [नगर]प्रमुख चक्रपाणी अर्यालले उक्त भवनको उद्घाटन [गरे]का छन्। यस भवनको तत्कालीन राष्ट्रिय सभा [सद]स्य (हाल राष्ट्रिय सभा उपाध्यक्ष) बिमला घिमिरेले [२०]७८ साल जेठको २० गते शिलान्यास गरेकी थिइन।

क्याम्पस प्रमुख वेदराम अर्यालले करिब १ करोड ६५ लाख १२ हजार ८५४ रुपैयाँको लागतमा सम्पन्न भवन निर्माणमा बाणगंगा नगरपालिकाबाट १ करोड २५ लाख रुपैयाँ, लुम्बिनी प्रदेश सरकारबाट ३५ लाख रुपैयाँ र बाँकी रकम क्याम्पसको आन्तरिक स्रोतबाट जुटाइएको जानकारी दिएका थिए। तीन तले सो भवनमा १२ वटा कोठाहरू रहेका छन्। भवन उद्घाटन गर्दै नगरप्रमुख अर्यालले सिद्धार्थ क्याम्पसको ऐतिहासिक महत्त्वलाई स्मरण गर्दै नगरपालिकाले यस संस्थालाई सदैव पहिलो प्राथमिकतामा राख्दै बजेट विनियोजन गर्दै आएको बताए।



नगरप्रमुख अर्यालले उच्च शिक्षाको पहुँचलाई गाउँगाउँसम्म पुर्‍याउने अभियानमा सिद्धार्थ क्याम्पसले पुर्‍याउँदै आएको योगदानको प्रशंसा गरे। उनले भने "शिक्षा क्षेत्रको विकास बिना समृद्ध समाजको कल्पना गर्न सकिन्न, यस क्याम्पसको पूर्वाधार सुदृढीकरणले बाणगंगाको शैक्षिक उचाइ थप बढ्नेछ।" उनले बाणगंगा नगरपालिकालाई लुम्बिनी प्रदेशकै शैक्षिक हबका रुपमा विकास गर्न आफूहरूले चाहेको बताए। सोको आधार तयार गर्न नगाले वर्षौदेखि यहाँका शैक्षिक संस्थाहरूमा लगानी गर्दै आएको र त्यसको परिणाम पछिल्ला दिनहरूमा देखिन थालेको उनको भनाइ छ। उनले २०८१ सालको एसईईको नतिजामा बाणगंगाका १६ जना विद्यार्थीहरूले ४ जिपिए ल्याउनु त्यसको प्रमाण भएको बताए। कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष डम्बर शर्माले क्याम्पसको समृद्ध भविष्य निर्माणमा तीनै तहका सरकार तथा समुदायको सहकार्य उदाहरणीय रहेको बताए। उनले सिद्धार्थ क्याम्पस कपिलवस्तुको शैक्षिक धरोहरका रूपमा रहेको भन्दै क्याम्पसलाई सुविधा सम्पन्न बनाउन आफू लागिपरेको बताए।

साथै, क्याम्पसका पूर्व अध्यक्ष तथा भूमि समस्या समाधान आयोगका अध्यक्ष झविलाल पोखरेल, स्ववियु सभापति मनोज न्यौपाने लगायतका वक्ताहरूले आ-आफ्नो धारणा व्यक्त गर्दै क्याम्पसले गुणस्तरीय शिक्षाका साथै आधुनिक शिक्षण सिकाइका प्रविधि अपनाउन थालेको भन्दै थप पूर्वाधार विस्तारको खाँचो औंल्याएका थिए। कार्यक्रममा क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष तथा भवन निर्माण समितिका संयोजक रवि बहादुर कार्कीले धन्यवाद प्राध्यापक कुलराज भुसालको सहजीकरण रहेको थियो। कार्यक्रममा क्याम्पस सञ्चालक समिति, प्राध्यापक, विद्यार्थी लगायतको उल्लेख्य उपस्थिति रहेको थियो।

## [स]रकार...

औपचारिक रूपमा नेता तथा मन्त्रीहरूले आश्वासन [दिए] पनि ठेकेदारको सामु ती नेता र मन्त्रीको केही [नच]ल्ने गरेको आरोप स्थानीयले लगाएका छन्। पुल [...] वर्षौंदेखि अलपत्र रहेको संपर्का अध्यक्ष अग्रहरीले [...] देखाउँदै भने, हेर्दै जाउ कहिले पुल बन्छ ? सडक [...]यो, तर पुल अहिले अलपत्र छ, उनले थपे, सरकारले [...]ह्यो भन्ने के हुँदैन, तर गर्न चाहेको जस्तो देखिएन। [...ग्रा]म-१५ स्थित तुरियाखोला पुलको डिजाईन फेल [भए]र निर्माण कार्य रोकिएको पण्डितपुर पर्यटन मार्गको [...] म्याद सकिएको तीन वर्ष पुग्न लाग्दा पनि निर्माण [कार्]य पुनः सुचारु हुन सकेको छैन।

पुरानो हुलाकी मार्गमा पर्ने सो तुरियाखोला पुलको [...]ाई नै कम राखेर डिजाईन गरेको कारण अहिले [पुल]को डिजाईन नै फेल भएर अलपत्र परेको छ। उक्त [पुल]को डिजाईन परिमार्जन गरि पुलको निर्माणका [ला]गि यस क्षेत्रका प्रदेश सांसदले पहल गर्नु भन्दा छुट्टै [...] निर्माण तर्फ लाग्दा पुल अलपत्र परेको स्थानीयले [बत]ाएका छन्। एउटा पुल नबन्दै त्यसको पाँच सय [मिट]र दक्षिणमा सोही नदीमा अर्को पुलको गत आर्थिक [वर्ष]मा शिलान्यास भएको थियो।

अहिले दुवै पुल निर्माण कार्य अलपत्र छन्, [नाग]रिक समाजका अध्यक्ष समेत रहेका स्थानीय [...]श्याम सिंह सैंथवारले भने, जनप्रतिनिधिको [...]जिम्मेवारी र प्राविधिकको लाचारीको यो प्रमाण [हो]। जनताको करले बन्ने करोडौंका पुल जनप्रतिनिधि [र प्र]ाविधिकको खेलाची भएको छ। एउटा पुलको कार्य [सम्प]न्न नहुँदै अर्को पुलतर्फ प्रयास गर्नु र अहिले दुवै [पुल]को काम नभएर आखिरमा जनता नै मर्कामा पर्ने [...]को अध्यक्ष सैंथवारले बताए। यसप्रति सरकार [...]भरताका साथ काम गर्नु पर्ने उनले औंल्याए।

सडक पूर्वाधार विकास कार्यालय [(एल]आरआईडिओ) मणिग्राम रुपन्देहीले उक्त पुलको [डिज]ाईन गरि ठेक्का लगाएको थियो। उक्त पुलको [निर्मा]ण कार्यको जिम्मेवारी एम/एस सगुन ओम [कन्स्]ट्रक्टेक जेभि कालिकानगर बुटवल रुपन्देहीले [...]का साकार गरि निर्माण शुरु गरेको थियो। पुलको [शि]लान्यास तत्कालिन लुम्बिनी प्रदेश सरकारका [तत्का]लो भौतिक पुर्वाधार विकास मन्त्रालयका मन्त्री [...]नाथ चौधरीले ठूलै समारोहको बीच शिलान्यास [गरे]का थिए। पुल निर्माणको डिजाईन नै फेल होला [भन्ने]र लागेको थिएन् होला। अहिले चार जना भौतिक [पूर्वा]धार मन्त्री फेरिए तर पुलको अवस्था फेरिएन्।

गत वर्ष नै सो पुलको स्थलगत अवलोकन गरि [...]केका हालका भौतिक पूर्वाधार मन्त्री ढकाल तत्कालै [...] निर्माणका लागि पहल गरिने भनेका थिए,तर उनले भनेको पनि वर्ष दिन पुग्यो, काम शुरु भएन्, सोही वार्डका वार्ड अध्यक्ष धनपत यादवले बताए। अहिले मन्त्रीलाई पुनः भेटेर ध्यानाकर्षण गराएका छौं, फेरी आश्वासन दिएका छन्। २०७७ साल वैशाख ११ गते सम्झौता भई २०७९ कार्तिक ३० भित्रमा पुलको निर्माण सम्पन्न गर्ने गरि सम्झौता भएको थियो। अहिले २०८२ को कार्तिक आउन थाल्यो। ६० मिटर लामो पुलको स्पान ३० बाई २ रहेको छ।

स्वीस सरकार विकास सहयोग (एसडिसी) को ८ करोड ७९ लाख ९५ हजार ४ सय १९ रुपियामा पुलको निर्माण कार्य सम्पन्न गर्नु पर्ने थियो। पुलको प्राविधिक सहयोग स्थानिय सडक पुल कार्यक्रम (एलआरबिपी) र स्थानिय सडक पुल सहयोग ईकाई (एलआरबिएसयु) मणिग्रामले नै गर्दै आएको छ। प्राविधिक लापर्वाहीले पुलको डिजाईन नै फेल भएको छ। पुलको उचाई करिब डाई मिटर अझ अग्लो बनाउनु पर्नेमा कम गरिएको थियो।

सोही पुल भएर अहिले विश्व बैंकको ६२ करोड लगानीमा प्राचिन कोलिय गणराज्यको राजधानी भएको (हाल पण्डितपुर) जोड्ने सडकको निर्माण कार्य भईरहेको छ। सडक बन्यो तर पुल बनेन भन्ने आर्को समस्या देखिन सक्छ। पुलको डिजाईन फेलले स्थानीयवासीलाई निराश बनाएको एक स्थानीयले बताए।

## कालोपत्रे...

६१ किलोमिटर लामो यो सडकको महत्व झन् बढेको छ, तर अवस्था हेर्दा सरकार र ठेकेदारहरूको आँखा अझै पुग्न सकेको छैन।

हल्दापुर, पुरै कोहलपुर बजार, खजुरा चोकदेखि भेन्सीपुर, रामनगर, चिसापानी, बनकट्वा हुँदै हर्रे डाँडासम्मको सडक भत्किदा यात्रुहरूले समस्या झेलिरहेका छन्। ठेकेदार कम्पनीले मर्मतका लागि खनेको ठाँउमा वर्षाले झनै हिलाम्मे बनेको छ।

'डिभिजन सडक कार्यालय नेपालगञ्जका प्रमुख इन्जिनियर नरेन्द्र भट्ट भन्छन्, "सुर्खेत रोडमा हामीले कमजोर ठाउँहरू मर्मत गर्दैछौं, तर सबै ठाउँ एकै पटक गर्न सक्ने अवस्था छैन। बजेट सीमित छ। अहिले हल्दापुर आसपास मर्मत भइरहेको छ।"

'सरकारले २०८१/८२ सालमा ६१ किलोमिटर सडक मर्मतका लागि जम्मा ३ करोड ७५ लाख बजेट छुट्याएको थियो। जबकि आवश्यक रकम यसभन्दा दोब्बरभन्दा बढी हो। "हाम्रो विभागको मर्मतको योजना अनुसार यो बाटोलाई एकपटक पूर्ण कालोपत्रे गरेर त्यसपछि हरेक तीन वर्षमा मर्मत गर्नु पर्ने हो," ईन्जिनियर भट्टले थपे, "तर अहिले हामी टालटुलमै सीमित छौं।"

कोहलपुर नगरपालिका वडा नम्बर ६ का सुकदेव थारुले वर्षा लागेपछि त सडकमा सवारी चलाउनेले हैरानी भोगिरहेको बताए। कहिले स्कुटर पल्टिन्छ, कहिले बाइक खस्छ। २ महिना पहिला मात्रै कोहलपुरमा खनिएको बाटोमा चिप्लिएर मोटरसाइकल पल्टिँदा एक जनाको मृत्यु भयो, उनले थपे।

प्रहरीका अनुसार, साउन महिनामात्रै नेपालगञ्ज-कोहलपुर खण्डमा १३ वटा सवारी दुर्घटना भइसकेका छन्।' कोहलपुर नगरपालिकाका प्रमुख पूर्ण प्रसाद आचार्यले सडक संघीय सरकारको अन्तर्गत रहेकाले नगरले काम नगरेको बताए।

डिभिजन सडक कार्यालयले मर्मतका लागि महात्रिपुरा पञ्चकोशी नागदेव निर्माण कम्पनीसँग १ करोड २४ लाखको ठेक्का सम्झौता गरेको छ। हल्दापुर क्षेत्रमा काम गरिरहे तापनि वर्षाको बहानामा, सडक खनिएको अवस्थामा छोडिदिएपछि झनै दुर्घटनाको जोखिम बढेको छ। नेपालगञ्जको सुर्खेत रोड–जहाँ दैनिक हजारौंको यात्रा हुन्छ–आज राज्यको बेवास्ता, बजेटको अभाव, ठेकेदारको लापरवाही, र मौसमको क्रूरताले थाकिँदैछ। सवारी चालक, पैदलयात्री, व्यापारी, विद्यार्थी सबै पीडित छन्

## कक्षा...

गत चैत २० गते देखि शुरु शिक्षकको २१ दिने सडक प्रदर्शनका कारण परीक्षा नै पछि धकेलिएका पछि नतिजा पनि ढिलो सार्वजनिक हुने आँकलन गरिएको थियो। शिक्षक प्रदर्शनका कारण १० दिन पछि परीक्षा भए पनि नतिजा भने पोहोर भन्दा एक दिन मात्रै ढिलो गरी सार्वजनिक गरिएको छ। गत वर्ष साउन १८ गते सार्वजनिक कक्षा १२ को नतिजामा ५२ दशमलव ९१ प्रतिशत विद्यार्थी ग्रेडेड भएका थिए। प्रत्येक विषयमा सैद्धान्तिक तर्फ न्यूनतम ३५ प्रतिशत अंक नल्याए विद्यार्थी ननग्रेडेड हुने लेटर ग्रेडिङ निर्देशिका २०७८ मा व्यवस्था गरेको छ।

### ननग्रेडेडलाई मौका परिक्षा

कक्षा १२ को सोमवार सार्वजनिक नतिजामा ननग्रेडेड भएका विद्यार्थीका लागि भदौ २८ र २९ गते पूरक परीक्षा हुने भएको छ। नतिजा सार्वजनिक पछि राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले पूरक परीक्षाबारे जानकारी गराएका हुन्। परीक्षामा नियमित परीक्षार्थीका रूपमा सहभागी भई सैद्धान्तिक तर्फ अन्य सबै विषयमा डी वा सो भन्दा माथिल्लो ग्रेड प्राप्त गरी बढिमा कुनै दुइ विषयमा ननग्रेडेड भएका वा बढिमा दुई विषयको परीक्षामा अनुपस्थित रहेका परीक्षार्थीले मौका परीक्षा दिन पाउने बोर्डले जनाएको छ।


भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

दोश्रो पटक सूचना प्रकाशित मिति : २०८२/०४/२०

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-९, दफा ११ को उपदफा (२) को थ बमोजिम प्राप्त अधिकार, भूमिकास्थान नगरपालिकाको आर्थिक ऐन,२०८२ बमोजिम नगरपालिकाको क्षेत्रभित्र उत्पादित कवाडी, जीवजन्तु र जडीबुटी लगायतका वस्तुको व्यावसायिक उपयोग गरे बापत उल्लेखित वस्तुको कर संकलन गर्ने प्रयोजनका लागि आ.ब.२०८२/२०८३ मा ठेक्का प्रकृयाको माध्यमद्वारा कर संकलन गर्ने निर्णय भएको हुँदा तपसिलका शर्तहरूका अधिनमा रही ठेक्का प्रकृयामा भाग लिन इच्छुक नियम अनुसार अनिवार्य दर्ता भएका फर्म तथा संघ संस्थाहरूले सिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. प्रत्येक ठेक्काको दरभाउपत्र फाराम रु १०००।- (फिर्ता नहुने गरी) आन्तरिक राजस्व दाखिला गरेको बैंक भौचर वा राजस्व दाखिला गरेको रसिद पेश गरी कार्यालयबाट मिति २०८२/०५/०३ गतेसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ।
२. आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गरी दरभाउपत्र फाराममा ठेकेदारको नाम, थर, ठेगाना र सहिछाप एवम् संस्थाको छाप समेत लगाई मिति २०८२/०५/०४ गते दिनको १२.०० बजे भित्र भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा दाखिला गरिसक्नु पर्नेछ।
३. दाखिला भएका दरभाउपत्रहरू मिति २०८२/०५/०४ गते दिनको १:०० बजे भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा विभिन्न प्रतिनिधिहरूको रोहबरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
४. दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्य सोको भोलिपल्ट हुनेछ।
५. दरभाउपत्रदाताले आफूले कबोल गरेको अंकको नेपाली भए ५ (पाँच) प्रतिशत, गैर नेपाली भए १० (दश) प्रतिशतले हुने धरौटी रकम भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीको नाममा प्रभु बैंक, भूमिकास्थान शाखा, नुवाकोट, अर्घाखाँची स्थित धरौटी खाता नं २५८७००६१६८६०००४८ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकद्वारा मान्यता प्राप्त बैंकद्वारा भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँचीको नाममा जारी भएको ९० दिन म्याद भएको बिडबण्ड पेश गर्नुपर्नेछ।
६. दरभाउपत्र फाराम स्वीकृत भएपछि दरभाउपत्रदाताले कबोल गरेको कुल रकम भूमिकास्थान नगरपालिकाको भूमिकास्थान नुवाकोट शाखाको आन्तरिक खाता नं. २५८७००६१६८६०००११८ मा एकमुष्ट जम्मा गरेको सक्कलै बैंक भौचर पेश गरेपछि दरभाउपत्रदातासँग सम्झौता गरी ठेक्काको चलानी पूर्जी दिइने छ।
७. गत विगत सालमा ठेक्का लिई रकम बुझाउन बाँकी राखेका फर्महरूले ठेक्का प्रकृयामा भाग लिन पाउने छैनन। तर भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँचीमा बुझाउनु पर्ने सबै रकम भुक्तानी गरेमा ठेक्का लिनबाट वञ्चित गरिने छैन।
८. प्राप्त दरभाउपत्र फाराम आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
९. सबै ठेक्का नं. हरूमा कबोल अङ्कको १.५ प्रतिशत अग्रिम आयकर र थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर लाग्ने छ।
१०. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कबोल अङ्कको बढीमा दश प्रतिशतसम्म रकम छुट दिन सकिने छ यस सम्बन्धी थप सूचना जारी गर्नु परेमा यस कार्यालयको वेभसाईट www.bhumikasthanmun.gov.np तथा कार्यालयको सूचना पाटीमा टाँस गरिने छ र त्यसरी टाँस गरिने सूचना पनि यसै सूचनाको अङ्ग मानिने छ।
११. प्रकाशित सूचना बमोजिम कुनै विषय फरक पर्न गएमा सो को अन्तिम निर्णय गर्ने अधिकार भूमिकास्थान नगरकार्यपालिकाको कार्यालयमा निहित हुनेछ।
१२. यस सूचनामा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ
१३. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा फोन नं. ९८५७०६९९८२/९८५७०६९९८७/९८५७०६९३९५ मा सम्पर्क गर्न सकिने छ।

नगरपालिकाको क्षेत्रभित्र उत्पादित कवाडी,जीवजन्तु र जडीबुटीको व्यावसायिक कारोबार बापत कर संकलन

| ठेक्का नं. | विवरण | कर संकलन सम्बन्धी शिर्षक | न्यूनतम एकमुष्ट रकम रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| 1/BM/IR/082/083 | कवाडी कर (व्यावसायिक कारोबारमा) | नगरपालिका भित्र उत्पादन भई व्यावसायिक कारोवार हुने कवाडीजन्य वस्तु | ६५,००० |
| 2/BM/IR/082/83 | जिवजन्तु कर (व्यावसायिक कारोबारमा) | नगरपालिका भित्र उत्पादन भई व्यावसायिक कारोवार हुने जीवजन्तु कर | ९०,००० |
| 3/BM/IR/082/083 | जडीबुटी कर (व्यावसायिक कारोबारमा) | नगरपालिका भित्र उत्पादन भई व्यावसायिक कारोवार हुने जडीबुटी कर | ३०,००० |